# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।१२।३० गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी र राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।१२।३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | गोपाल राय यादवसमेत (वि.अ.को मुद्दा नं.०७८।CR -०११८) फैसला मिति २०८०।६। २४ | सार्वजनिक सम्पत्ति हिनामिना गरेको गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु गोपाल राय यादव, कान्ती देवी, संजय प्रसाद, भविछन राय यादव, दीपनारायण साह, शेख एजाज अहमद, हिरा राय यादव, उमाशंकर साह कलवार, दीपनारायण चौधरी, ज्ञानेन्द्र चौधरी, योगेन्द्र चौधरी, लक्ष्मण साह कानु, सुन्दरी माझी, जिरनी देवी, फुल कुमारी देवी, सजु देवी जयसवाल, शशिकुमार साह र रविन्द्र कुमार निधिलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे वमोजिम विगो रु. १,५३,५०,१९९/- कायम गरी ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) वमोजिम सजाय हुन र हानिनोक्सानी भएको विगो रु. १,५३,५०,१९९/- ऐ. ऐनको दफा १७ बमोजिम निजहरुबाट असुल गरी फतुवा विजयपुर नगरपलिका र गुजरा नगरपालिकालाई क्रमश ६०% र गुजरा नगरपालिकालाई ४०% का दरले रकम दिलाइ पाउन र प्रतिवादी सागर कुमार रोका फतुवा विजय नगरपालिका नगर कार्यपालिका कार्यरत रहेका र गोकुल ढुंगेल निमित्त प्रमुख काम गर्दा मिति २०७५/१९/१५ मा भएको नगर कार्य पालिकाको बैठकको निर्णय कार्यान्वयन नगरेको च.नं. ३९७ मिति २०७५/९/२० को पत्रबाट सम्झौता गर्न ७ दिनको म्याद दिएकोमा ७ दिनको म्याद समाप्त हुँदा समेत संझौता गर्न नआउने ठेकेदारलाई कारवाही प्रकृया अगाडि बढाई धरौटी रकम जफत नगर्ने र दोस्रो बढी कवोल गर्ने ठेकेदारलाई सम्झौता गर्न नवोलाएको कारण रकम र सरकारी ठेक्का वन्दोवस्त ऐन, २०२० को दफा १५ को उपदफा (३) को कानूनी व्यवस्थाको पालना नगरेका कारण र प्रतिवादी रञ्जना साहले मिति २०७५/११/१७ मा नगरकार्यपालिका बैठकबाट धरौटी रकम फिर्ता गरेको कारणबाट नगरपालिकाको आन्तरिक आयमा हानी नोक्सानी भएको रु. १,५३,५०,१९९/- ऐ. ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) वमोजिम सजाय हुन र हानि नोक्सानी भएको विगो रु. १,५३,५०,१९९/- समेत ऐ.ऐ. १७ वमोजिम निजहरुबाट असुल उपर गरी फतुवा विजयपुर नगरपालिका र गुजरा नगरपालिकालाई क्रमश ६०% र ४०% दिलाइ भराई पाउने आरोप दावी रहेको छ। | बकैया खोलाको ढुंगा, गिटी, बालुवा समेत निकासी तथा विक्री गर्न मिति २०७५/६/३० मा प्रकाशित सूचना बमोजिम पेश भएका बोलपत्रहरू मध्ये फतुवा विजयपुर नगरपालिकाको मिति २०७५/९/१५ को नगर कार्यपालिकाको बैठकबाट जेनिस र गुगल कन्स्ट्रक्सन प्रा. लि. कोल्बीलाई ठेक्का दिने निर्णय गरेकोमा जेनिस गुगल निर्माण सेवाले बोलपत्र बमोजिम सम्झौता नगरेको अवस्थामा उक्त नगरपालिकाको नगर प्रमुख प्रतिवादी गोपाल राय यादवले उक्त निर्माण सेवाले जम्मा गरेको बोलपत्र जमानत रु.१५,००,०००/- कानून बमोजिम जफत गर्नुपर्नेमा सो नगरी उक्त नगरकार्यपालिकको मिति २०७५/११/१७ को निर्णयबाट उक्त जमानत फिर्ता गर्ने निर्णय गरी नगरपालिकाको उक्त सम्पत्ति वदनियतपूर्वक हिनामिना हानि नोक्सानी गरी गराई नगर प्रमुखको भूमिकामा रहेका प्रतिवादी गोपाल राय यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको। छनौट भएको जेनिसा गुगल निर्माण सेवासँग खरिद सम्झौता भै नसकेको अवस्थामा उक्त निर्माण कम्पनीले कबोल गरेको रु. २,९९,९९,९९९/- मध्येबाट राजश्व नउठेको भनी घटाई कायम गरेको १,३८,५०,१९९/- लाई नगरपालिकाको सम्पत्ति मान्न मिल्ने नदेखिँदा सो हदसम्मको वादी दावी पुग्न नसक्ने। प्रमाणको अभावमा अन्य प्रतिवादीहरु कान्ती देवी, संजय प्रसाद, भविछन राय यादव, दिप नारायण साह, शेख एजाज अहमद, हिरा राय यादव, उमाशंकर साह कलवार, योगेन्द्र प्रसाद चौधरी, ज्ञानेन्द्र चौधरी, दिप नारायण चौधरी, लक्ष्मण साह कानु, सुन्दरी माझी, जिरनी देवी, फुल कुमारी देवी, संजु देवी जयसवाल, शशी कुमार साह, रविन्द्र कुमार निधी, सागर कुमार रोका, गोकुल ढुंगेल, रन्जना साहले आरोपित कसूरबाट सफाई पाउने। उक्त कसूरमा कसूरदार ठहर भएका प्रतिवादी गोपाल राय यादवलाई सोही ऐनको दफा १७ र दफा ३ (१) (च) बमोजिम (३) तीन वर्ष सम्म कैद | (क) नगरपालिका ठेक्काबाट गिट्टी, वालुवा, ठेक्का लगाउँदा वोलपत्र लगाउने निकायले वोलपत्र सम्बन्धी कार्यविधी कानूनको पूर्ण रुपले पालना गर्नु पर्ने। एक भन्दा बढी बोलपत्र परेको अवस्थामा सरकारी सम्पत्तिको बिक्री गर्दा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन नियम वमोजिम सबै भन्दा बढी रकम वोलकवोल गर्ने व्यक्तिलाई वोलाउनु पर्नेमा सो नगरेको। दोस्रो व्यक्तिले गिट्टी वालुवा उठाउन कवुल गरेको अवस्थामा सो कवुल गरेको रकम प्राप्त हुने मार्ग नै अवरुद्ध गरेको कारण रकम नगरपालिकाको कोषमा आउने सुनिश्चित भईसकेको अवस्थामा बोलपत्रमा उल्लेख गरेको अंकलाई आफ्नो स्वामित्वमा नआएको भनी सो विगो कायम नगरेको फैसला त्रुटीपूर्ण रहेको।<br>(ख) प्रतिवादीहरुको कारण उक्त सम्पत्ति सरकारी स्वामित्वमा आम्दानीको रुपमा प्राप्त हुने सम्पत्तिलाई भोगमा नरहेको भनी भएको फैसला त्रुटीपूर्ण रहेको। खोलाको गिट्टीमा सरकारी स्वामित्व हुनै नै हो यो निजी सम्पत्ति तवमात्र हुन्छ जव सरकारी निकायबाट नियम, कानून सम्मत सम्पत्ति हस्तान्तरण माध्यमबाट निजी क्षेत्रमा पुग्दछ, खोलामा रहेको सम्पत्ति गिट्टी वालुवालाई सरकारी स्वामित्व र भोगमा नरहेको भनी गिट्टी वालुवाको बोलपत्र दाताले कवुल गरेको रकमलाई विगो कायम नगरी खोलाको गिट्टी वालुवा सरकारी होइन भनी सरकारी सम्पत्तिको परिभाषा नै संकुचित गरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>(ग) बोलपत्र दाताले कवोल गरेको रकमलाई नगरपालिकाको सम्पत्ति मानी आरोप पत्र दायर भएको, करार सम्झौता भएको अवस्थामा मात्र सम्पत्ति मान्न सकिने करार नभएको अवस्थामा सम्पत्ति मान्न नसकिने भनी भएको फैसला त्रुटीपूर्ण रहेको। करार सम्झौता गर्न आउने मार्ग अवरुद्ध गर्ने करार सम्झौता भएको छैन भनी विगो कायम नगर्ने फैसला आफैमा विरोधाभाष पूर्ण रहेको।<br>(घ) प्रमुख प्रशासकिय अधिकृत र निमित्त प्रशासकिय अधिकृतबाट धैरै रकम कबुल गर्ने वोलपत्रदाता सम्झौता गर्न अनिच्छुक भएपछि त्यो भन्दा कम र अन्य बोलपत्रदाता भन्दा बढी राजश्व बुझाउने गरी वोलपत्र पेश गर्ने वोलपत्र दातालाई वोलाउने कार्य प्रशासकीय प्रकृतिको भनी यी प्रतिवादीहरुलाई सफाइ दिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सजाय हुन र विगो रु. १५,००,०००/- (पन्ध्र लाख रुपैया) जरिवाना हुने र प्रतिवादीले हिनामिना गरेको विगो रु. १५,००,०००/- जफत हुने।<br>(क) सार्वजनिक संस्थाको सम्पत्ति वास्तविक सम्पत्ति रहेको देखिनुपर्ने अपेक्षाकृत सम्पत्तिलाई यस दफाले नसमेटेको।<br>(ख) आफ्नो स्वामित्व वा भोगमा नरहेको सम्पत्ति हिनामिना वा हानि नोक्सानी गर्न नमिल्ने हुँदा सम्झौता नै नभएको अवस्था बोलपत्रदाताको अंक सम्पत्ति नहुने।<br>(ग) वोलपत्र दाताले कवोल गरेको अंकलाई नगरपालिका सम्पत्ति भनी दावी गरेको करार सम्झौता नभएको अवस्थामा करार भएको ठानी करारीय शर्त वमोजिमको सम्पत्ति मान्न नमिल्ने।<br>(घ) प्रमुख प्रशासकिय अधिकृत सागर कुमार रोक्का निमित्त प्रमुख प्रशासकिय अधिकृत गोकुल ढुंगेल र निमित प्रमुख प्रशासकिय अधिकृत रञ्जना साहले मिति २०७५/५/१५ को निर्णय कार्यान्वयन गर्नु पर्नेमा वेवस्ता गरेकोले वोलपत्रदाता सँग सम्झौता हुन नसकेको, वादी दावी प्रशासनिक प्रकृतिको विषय रही सोही वमोजिम नै गर्नु पर्ने देखिएको। वदनियत पूर्वक सम्झौता कार्य अघि बढाएको भन्ने दावी नरहेकोले प्रमुख प्रशासिक र निमित्त प्रमुख प्रशासकिय हकमा आरोप दावी नपुग्ने।<br>(ङ) नगरपालिकाको मिति २०७५/११/१७ को बैंठकले वोलपत्रदाताहरुको धरौटी फिर्ता गर्ने निर्णय गरेको उक्त बैठकको अध्यक्षता गोपाल राय यादवले गरेको उक्त बैठकमा धरौटी रकम फिर्ता गर्ने भन्ने शब्द कर्मचारीले झुक्याएर पछिबाट थप गरेको भनी उल्लेख गरे पनि उक्त निर्णय वदर गराउन छलफल नगरेको र झुक्याएर निर्णय लेख्नेलाई कुनै कारवाही वा निर्णयबाट | फैसला त्रुटीपूर्ण रहेको। प्रतिवादीले आफ्नो प्रशासयिक कर्तव्य पुरा नगरेको कार्यबाट नगरपालिकाको आम्दानीमा हानी नोक्सानी भएको, रकम प्राप्त हुने मार्ग अवरुद्ध भएको, यसबाट सरकारी कोषमा बुझाउने रकम रु. १,५३,५०,११९/- प्राप्त नभएको यस्तो वदनियतपूर्वक गरिएको कार्यबाट नगरपालिकालाई हानि नोक्सानी भएको देखिएको। प्रशासनिक प्रकृतिको कार्य गर्ने कर्मचारीले यस्तो प्रकृतिका कार्य गर्दा गैर जिम्मेवारी तरिकाले वा वदनियतपूर्वक काम गर्दा नै भ्रष्टाचार हुन जाने भएको प्रशासनिक कार्यको परिणाम रुपमा नै सरकारी रकम हिनामिना भई भ्रष्टाचारको अवस्था हुनेमा प्रतिवादीहरुले गर्नु पर्ने कार्य वदनियत वा लापरवाहीपूर्ण तरिकाले कार्य गरेको जसको परिणाम स्वरुप गिट्टी वालुवाको बिक्री गर्ने वोलपत्रको कार्यले संझौताको रुप ग्रहण गर्ने मार्ग नै अवरुद्ध गरेको कार्यबाट भ्रष्टाचार हुन गएको। यस्तो कार्यलयलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले वदनियत वा लापरवाही पूर्णकार्यको रुपमा लिई यस्तो कार्य गर्ने कर्मचारीलाई कसुरदार मान्न सकिने कानूनी प्रावधानको विद्यमानता रहदा रहदै यस्तो कार्यलाई प्रशासनिक कार्य भनी सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको।<br>(ङ) प्रतिवादी मध्येका नगर उपप्रमुख लगायत अन्य वडा अध्यक्ष र नगर कार्यपालिका सदस्यहरु मिति २०७५/११/१५ को धरौट फिर्ता गर्ने निर्णय गर्ने कार्यलाई यी वडा अध्यक्ष र सदस्य अनविज्ञ रहेको भनी सफाइ दिएको फैसला समेत त्रुटीपूर्ण रहेको। नगरपालिकाको बैठकमा त्यस विषयमा छलफल गराइ निर्णय गराएको हो। मुख्य प्रतिवादीले त्यो निर्णय नगरपालिका प्रशासकिय अधिकृतले झुक्याई पछिबाट थप गरिएको भन्ने जिकिरमा अदालत असहमत भई बैठकमा छलफल गरेर निर्णय भएको भनी मुख्य प्रतिवादीलाई सजाय गरेको। यही बैठकको निर्णयबाट धरौटी रकम फिर्ता पाएको अवस्थामा एउटै निर्णयबाट धरौटी रकम फिर्ता दिने निर्णय गर्ने पदाधिकारी मध्ये कसैलाई सफाइ दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नगराएको कारण नगरप्रमुख गोपाल राय यादवले वदनियत पूर्वक रकम फिर्ता गराउन निर्णय गरी गैर कानूनी हानि नोक्सानी गरेको र अन्य जननिर्वाचित वडा अध्यक्ष र सदस्यहरुको उक्त निर्णयमा अनविज्ञ रहेको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | रिठ्ठे दर्जी समेत (वि.अ. को मुद्दा नं.०७७। CR-००५२) फैसला मिति २०८०। ०४।१४ | राजश्व रकम हिनामिना गरेको। | नायब सुब्बा पदमा कार्यरत मनोज कुमार निरौलाले आर्थिक वर्ष २०७३/७४ र आ. व. २०७४/७५ को अवधिमा मुद्दा फाँटमा संकलित राजस्व रकममध्ये रु.४,७१,६१८/- लेखा शाखामा नबुझाई खाई मासी हिनामिना गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिम कसुर गरेकोले खाइ मासी हिनामिना गरेको रकम रु.४,७१,६१८।— (अक्षरेपी चार लाख एकहत्तर हजार छ सय अठार) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम हिनामिना भएको राजस्व रकम रु.४,७१,६१८।— असुल उपर गरी पाउने दावी रहेको साथै उक्त मालपोत कार्यालय, चितवनमा कार्यरत लेखापाल बलराम सापकोटाले बैंक दाखिला गर्ने प्रयोजनार्थ विभिन्न शाखाबाट संकलित रकम बैंक खातामा रु. ५८,४३,८०६।७५ दाखिला नगरी खाई मासी राजस्व हिनामिना गरेको देखिँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) वमोजिम कसुर भएकाले सोही ऐनको दफा ७ मा उल्लेख भए वमोजिम भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) देहाय (ज) वमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा ३ को (१) वमोजिम हिनामिना भएको राजश्व रकम रु. ५८,४३,८०६।७५ असुल उपरको मागदावी रहेको र सोही कार्यालय लेखा अधिकृत रिठ्ठे दर्जीले आर्थिक वर्ष २०७३/७४ को अवधिमा राजस्व रकम रु.३,९३,९१,६५५।— सम्बन्धित बैंक खातामा दाखिला नगरेको र आ. व. २०७४/७५ को सम्पूर्ण अवधिमा | प्रतिवादी मनोजकुमार निरौलाले मस्यौट गरेको भनिएको रकम रु.४,७१,६००।- पनि रिठ्ठे दर्जीले कवोल गरेको, निजले हिनामिना गरेको रकममध्येकै हो भनी बकपत्र गरेको देखिन्छ। प्रतिवादी रिठ्ठे दर्जीले कार्यालय समक्ष हिनामिना गरेको रकम मैले नै मासी खाएको हुँ, सो रकम म तिर्छु भनी कवोल गरेको र अदालतसमक्षको वयानमा पनि लेखाको अन्तिम जिम्मेवारी मेरै हो भनी स्वीकार गरेको समेतका मिसिल प्रमाणहरुबाट प्रतिवादी मनोजकुमार निरौला मुद्दा फाँटमा कार्यरत रहेको भन्ने आधारमा मात्रै आरोपदावी लिएको। यी प्रतिवादीका विरुद्धको आरोपदावी शंकारहित तवरबाट पुष्टि हुन नसकेको।<br>प्रतिवादी बलराम सापकोटाले रजिष्ट्रेशन फाँट (क), (ख), (ग), (घ) र (ङ), मुद्दा फाँट, तामेली फाँट तथा मोठ फाँट (क), (ख), (ग) र (घ) बाट राजश्व बुझी लिने गरेको देखिएकोमा निजले बुझेको राजश्व रकममध्ये जम्मा रु.५८,४३,८०६। ७५ रकम कम दाखिला गरेको देखिएकोले प्रतिवादी रिठ्ठे दर्जीले उक्त रकम मलाई बलराम सापकोटाले बुझाएकै छैनन् भन्ने जिकिर लिएको नदेखिएको। लेखा शाखाको अन्तिम जिम्मेवारीमा रहेका प्रतिवादी रिठ्ठे दर्जीले अन्तिम जिम्मेवारी मेरै हो भनी स्वीकार गरेको, कानूनबमोजिम निजकै जिम्मेवारी रहेको समेत देखिएको। यी सह-प्रतिवादी बलराम सापकोटाको वयान बेहोरा उपर प्रतिवादी रिठ्ठे दर्जीको अन्यथा जिकिर नरही सो बेहोरा स्वीकार गरेको देखिएको। प्रतिवादी बलराम सापकोटा विरुद्धको आरोपदावी शंकारहित तवरबाट पुष्टि हुन नसकेको।<br>(च) लेखापरीक्षण प्रतिवेदन, भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०७४।१०।०८ को विभागीय कारवाहीको निर्णय, चितवन जिल्ला अदालतको फैसला, प्रतिवादी रिठ्ठे दर्जी समेतले मौकामा र अदालतसमक्ष गरेको वयान, सह-प्रतिवादीको पोल | (च) प्रतिवादी रिठ्ठे दर्जीलाई भ्रष्टाचार मुद्धामा लिएको दावी वमोजिम सजाय गरेतापनि निजले हिनामिना गरेको रकम वादी दावी वमोजिम ठहर नगरी रु. ४,५०,१३,८०६/- हिनामिना गरेको दावी लिएकोमा निजलाई कीर्ते मुद्धामा जरिवाना भएको भनी भ्रष्टाचार मुद्धामा लिइएको जरिवाना घटाइ फैसला भएको। प्रतिवादीलाई कीर्ते मुद्धाबाट रु. १,१७,२४,५३८/- रकम असुल भएकोले निजले रु. ३,३२,८९,२६८/- दाखिला नगरेकोले उक्त रकम मात्र राजश्व हिनामिना गरेको भनी भएको फैसला त्रुटीपूर्ण रहेको। प्रतिवादीले रु. ४,५०,१३,८०६/- नै हिनामिना गरेको हो त्यस मध्ये रु. १,१७,२४,५३८/- असुल हुने फैसला मात्र भएको।भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५९ को देहाय (ङ) को कानूनी व्यवस्था अनुसार समेत यसरी विगो घटाएको फैसला सो हद सम्म त्रुटीपूर्ण रहेको। भ्रष्टाचार मुद्धामा प्रतिवादीले रु. ४,५०,१३,८०६/- हिनामिना गरेकोले रु. ४,५०,१३,८०६/- दोब्बर जरिवाना गरी हिनामिना भएको रकम असुल हुनुपर्नेमा हिनामिना भएको रकम नै घटाउने गरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको छ। साथै निजउपर दावी गरिएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ को हकमा केही उल्लेख नभएकाले मागदावीका सम्बन्धमा केहीमा आरोपदावी ठहर्ने, नठहर्ने सम्बन्धमा बोली कहीमा ठहर्ने वा नठहर्ने सम्बन्धमा बोल्दै नवोली भएको फैसला सो हदसम्म त्रुटीपूर्ण रहेको।<br>(छ) प्रतिवादी मध्येका मनोज निरौला र रिठ्ठे दर्जीले यी प्रतिवादी पोल नगरेको र मनोज निरौलाले हिनामिना गरिएको भनिएको रकम पनि रिठ्ठे दर्जीले हिनामिना गरेकोले यी प्रतिवादी मनोज निरौलालाई सफाइ दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको। भ्रष्टाचार मुद्धामा प्रतिवादीले सरकारी राजश्व हिनामिना गरी लिने मनसाय राखेको थिए वा थिएन, त्यो हेर्नु पर्दछ। प्रतिवादी मनोज निरौलाको रकम हिनामिना गर्ने नियत थियो थिएन। सरकारी राजश्वमा रहनु पर्ने रकम लामो समयमा आफैले प्रयोग गर्ने गरेको छ छैन,मिसिल संलग्न प्रमाणबाट हेर्नुपर्ने हुन्छ। प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रु.३,१४,२५,३८२।- सम्बन्धित बैंक खातामा दाखिला नगरी कूल रकम रु.७,०८,१७,०३७।— दाखिला नगरी हिनामिना गरेको, राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय भरतपुर, चितवनको सरकारी छाप तथा कर्मचारीको दस्तखत समेत किर्ते गरी नक्कली भौचरहरु तयार गरेको एवं दाखिला भौचरहरु बैंक दाखिला पश्चात सच्याई वदनियतपूर्ण ढंगले बढी दाखिला भएको देखिने गरी भौचर संलग्न गरे गराएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (ग) बमोजिमको कसुर, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७, ९ र ११ बमोजिमको कसुर तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई निजले दाखिला नगरेको रकम रु.७,०८,१७,०३७।— (अक्षरेपी सात करोड आठ लाख सत्र हजार सैतिस) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम कैद र सोही ऐनको दफा ७ बमोजिम जरिवानाको सजाय हुन र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम निजले हिनामिना गरेको रकम मध्ये आ. व. २०७३/७४ को आन्तरिक लेखापरीक्षणका क्रममा रु.२,५८,०३,२३१।— दाखिला गरेकाले बाँकी रहन आउने रकम रु.४,५०,१३,८०६।— असुल उपर गरी जफत हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र सोही ऐनको दफा ११ बमोजिम समेत हुन मागदाबी रहेको देखिन्छ। | वयान समेतका प्रमाणहरुका आधारमा प्रतिवादी रिठ्ठे दर्जीले मालपोत कार्यालय, चितवनको आर्थिक वर्ष २०७३/०७४ र २०७४/०७५ मा उठेको आरोपदावीको जम्मा राजश्व रु.४,५०,१३,८०६। - नक्कली भौचर तयार गरी सच्याई हिनामिना गरेको देखिएकोमा रु.१,१७,२४,५३८। - रकम किर्ते मुद्दाबाट असुल भैसकेको हुँदा बाँकी रु.३,३२,८९,२६८।- दाखिला नगरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) बमोजिमको कसुर गरेको देखिँदा सोही दफा बमोजिम निज प्रतिवादीलाई विगोको दोव्वर जरिवाना भई ऐ. दफा ३(१)(झ) बमोजिम आठ वर्ष तीन महिना कैद र रु. ६,६५,७८,५३६/- जरिवाना प्रतिवादीहरू बलराम सापकोटा र मनोजकुमार निरौलाको हकमा वादीदावी वस्तुनिष्ठ प्रमाणले पुष्टि हुन नआएकोले निज प्रतिवादीहरुले आरोपित कसुरबाट सफाई पाउने। वादीको अन्य दावी पुग्न सक्तैन। प्रतिवादी रिठ्ठे दर्जीले रु. ४,५०,१३,८०६/- मध्ये नक्कली भौचर खडा गरी हिनामिना गरेको रकम रु. १,१७,२४,५३८/- कागज कीर्ते मुद्धाबाट असुल उपर भैसकेको हुँदा सो रकम घटाएर बाँकी हुन आउने रु. ३,२३,८९,२६८/- निज प्रतिवादीले हिनामिना गरेको।<br>(छ) प्रतिवादी मनोज निरौलालाई सह प्रतिवादी रिठ्ठे दर्जी र बलराम सापकोटा पोल नगरेको सरकारी साक्षी कार्यालय प्रमुख नगेन्द्र पौडेलले समेत पोल नगरेको, प्रतिवादी रिठ्ठे दमाइले सबै हिनामिना भएको रकमको अन्तिम जिम्मेवारी मेरो हो भनी स्वीकार गरेको, मनोज निरौला मुद्धा फाँटमा काम गरेको आधारमा मात्र अभियोग दायर भएकाले सफाइ पाउने देखिएको।<br>(ज) प्रतिवादी बलराम सापकोटा मालपोत कार्यालयमा लेखापाल पदमा कार्यरत रहेको निजले बुझेको राजश्व रकम मध्ये जम्मा रु. ५८,४३,८०६।७५ रकम कम दाखिला गरेको भन्ने देखिएको भनी अभियोग गरिएको, प्रतिवादीले अदालत समक्षको वयानमा लेखा अधिकृतले अह्राए बमोजिमको काम | मनोज निरौला मालपोत कार्यालयको मुद्धा फाँटका कर्मचारी रहेकोमा समेत विवाद छैन। साथै निजले मुद्धा फाँटमा कार्यरत रहदा दैनिक रुपमा उठ्ने रकम र लेखा शाखामा बुझाएको फाँटवारी चुस्त दुरुस्त राख्ने नगरेकोमा पनि विवाद नरहेको। अनुसन्धान र लेखा परीक्षण गर्दा लामो समय सम्म लेखा शाखामा नबुझाउने गरेबाट निजको राजश्व रकम हिनामिना गरेको देखिएको। **प्रतिवादीको मनसाय तत्व निजको व्यवहारबाट देखिन्छ भन्ने सम्बन्धमा सर्वोच्च अदालतबाट मनसाय तत्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो, त्यसैले यो सधै मुखरित अवस्थामा नहुन पनि सक्छ। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरुको समग्रतामा नै मनसाय तत्वको खोजी गर्नु पर्छ भनि पुनरावेदक नेपाल सरकार विरुद्ध हरिप्रसाद ढकाल समेत भएको भ्रष्टाचार मुद्धा ने.का.प. २०७८ अंक ९ नि.नं. १०७४८ मा** सिद्धान्त प्रतिपादन भएको। प्रतिवादीहरु राजश्व रकम समयमा नै जम्मा नगर्ने आफ्नो व्यक्तिगत प्रयोगमा ल्याउने गरेको तथ्य लामो समय सम्म फाँटबाट लेखा शाखामा नबुझाउने र लेखा अधिकृतले बैंक दाखिला गर्ने गराउने नगरेका कारणबाट प्रतिवादी तिनै जनाको रकम हिनामिना गर्ने विषयमा मतैक्य रहेको अवस्था एक आपसमा पोलापोल नगर्नु स्वभाविकै हो। प्रतिवादीले एक आपसमा पोल समेत नगरेको भनी सफाइ दिएको आधार त्रुटीपूर्ण रहेको।<br>(ज) प्रतिवादी बलराम सापकोटाले निजले बुझेको रकम मध्ये जम्मा रु. ५८,४३,८०६।७५ कम बुझाएको सम्बन्धमा निजले रिठ्ठे दर्जीलाई पोल गरेको भएता पनि लेखा शाखा रहने कर्मचारीले कानून वमोजिम लेखा शाखामा जम्मा भएको रकम रिठ्ठे दर्जीले कम जम्मा गराउन लगाउँदा कार्यालय प्रमुख समक्ष जानकारी गराएको भए निजले रकम हिनामिना गर्ने अवस्था नआउनेमा सो नगरी राजश्व रकम निजले पनि खर्च गर्ने गरेकाले नै प्रतिवादी रिठ्ठे दर्जीले रकम हिनामिना गरेको बारेमा मालपोत प्रमुखलाई जानकारी समेत नगराएको भन्ने देखिएको। राजश्व रकम आ-आफ्नो आवश्यकता अनुसार खर्च गर्ने गरेको कारणबाट नै यी प्रतिवादीले गैर कानूनी काम गर्दा समेत प्रकाश नगरी बसेकोले राजश्व रकम हिनामिना गर्ने यी दुवैको स्वार्थ मिलेको देखिएको अवस्थामा संकलन भएको रकम कम जम्मा गर्न यिनको पनि सहमती रहेको देखिदा देखिदै सफाइ दिएको फैसला त्रुटीपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्ने  गरेको छु भनी बयान गरेको, मुख्य प्रतिवादी रिठ्ठे दर्जीले लेखापाल प्रतिवादी बलराम सापकोटाले रकम बुझाएका छैनन् भनी दावी लिन नसकेको र अन्तिम जिम्मेवारी मेरो भनी प्रतिवादी रिठ्ठे दर्जीले स्वीकार गरेको। | |